प्रदेश सरकार

लुम्बिनी प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

रूपन्देही, नेपाल

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः२०७७/७/१६

यस निर्देशनालयको आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत पुष्प व्यवसायी संघको सहकार्यमा पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत पुष्प बिक्री केन्द्र स्थापना तथा बजारिकरणका लागि अनुदान सहयोग कार्यक्रममा सहभागी हुन इच्छुक यस प्रदेश भित्रका पुष्प व्यवसायको प्रमुख उद्देश्य भएका आवेदकहरूका लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिए बमोजिमका आवश्यक कागजातहरू संलग्न गरी शिलबन्दी प्रस्ताव कृषि विकास निर्देशनालय, बुटवल तथा सम्बन्धित कृषि ज्ञान केन्द्रहरू, नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, दाङ्ग, बाँके, रोल्पा वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरू, प्युठान, बर्दिया र पूर्वि रुकुममा पेश गर्न यो सूचना आह्वान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरूलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट (रु.लाखमा) | संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू | न्यूनतम मापदण्ड तथा पालना गर्नु पर्ने शर्तहरू | अनुदान उपलब्ध गराउने कृयाकलाप र अनुदानको सिमा | आवेदकको किसिम |
|---|---|---|---|---|---|---|
| १ | पुष्प व्यवसायी संघको सहकार्यमा पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम (पुष्प बिक्री केन्द्र स्थापना तथा बजारिकरणका लागि अनुदान सहयोग कार्यक्रम) | ९ | पुष्प व्यवसायी संघको सहकार्यमा पुष्प व्यवसाय प्रवदर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७७ को अनुसूची-१ वमोजिमका कागजातहरू। | पुष्प व्यवसायी संघको सहकार्यमा पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७७ को दफा ४ को उपदफा (३) वमोजिम। | • दाङ्ग(घोरही), बुटवल तथा नेपालगञ्ज र कोहलपुरमा ब्रिक्री केन्द्र स्थापना गरी सञ्चालन गरिने<br>• बिक्रीकक्ष स्थापना तथा डेकोरेशनमा सहयोग<br>• फूलको सङ्कलन तथा भण्डारणमा सहयोग<br>• फूलको माला, गुच्छा (bouquet) तथा अन्य सामाग्रीहरू बनाउने उपकरणमा सहयोग<br>• फूल प्याकेजिङ्ग तथा लेबलिङ्ग सहित बिक्रीका लागि कार्टुन तथापेपर ब्याग खरिदमा सहयोग<br>• प्रति अनुदानग्राही कूल खर्चको ५० प्रतिशत वा प्रति आवेदक रु. ३ लाख मा जुन कम हुन्छ, सो रकम अनुदानको लागि स्वीकृत दिने। | पुष्प कम्पनी/फार्म/नर्सरी |

**नोटः** माथि उल्लेखित कार्यविधिहरू, विस्तृत सूचना तथा आवेदनका नमूना फर्मेटहरू यस निर्देशनालय तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाइट doad.p5.gov.np तथा molmac.p5.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ। साथै थप जानकारीको लागि यस निर्देशनालयको सम्पर्क नं ०७१-४२०५४३/४२००१२ तथा सम्बन्धित कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्न सकिनेछ।